गोरखा नगरपालिका
नगर कार्यपालिकाको बैठक संख्या :
मिति: २०८३/०३/०७ गते

## मिति २०८३/०३/०७ गतेको कार्यपालिकाको बैठकको प्रस्ताव र निर्णयहरु

**प्रस्ताव नं. १: नगरसभा संचालन सम्बन्धमा।**

**निर्णय नं. १:** गोरखा नगरपालिकाको आ.व. २०८३/८४ को वर्षे अधिवेशन यही असार १० गते दिन को ११ बजे संचालन गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं. २ : नगरसभाको कार्य सुची तय गर्ने सम्बन्धमा।**

**निर्णय नं. २ :** यस गोरखा नगरपालिकामा आ.व. २०८२/८३ को हिउँदे अधिवेशन यहि बैशाख ३१ गते बिहान ८ बजेलाई आह्वान भईसकेले गर्दा उक्त सभामा निम्न कार्यसूचीलाई पेश गर्ने निर्णय गरियो ।

क. नगरसभामा नीति तथा कार्यक्रम पेश गर्ने र अनुमोदन सहित पारित गर्ने
ख. नगरसभामा बजेट बक्तब्य सहितको आर्थिक ऐन र बिनियोजन ऐन पेश
ग. अन्य सार्वजनिक महत्वका बिषय र निर्णयहरु

**प्रस्ताव नं. ३ : कार्यक्रमको सिलिंग सम्बन्धमा ।**

**निर्णय नं ३ :** गोरखा नगरपालिकाको आ.व. २०८३/८४ को बिषय क्षेत्रगत सिलिंग स्रोत अनुमान तथा सिमा निर्धारण समितिबाट निम्न अनुसार रहने गरी सिफारिश भएकोले सोही बमोजिम बजेट निर्धारण गरिने निर्णय गरियो।

क. कार्यालय संचालन प्रशासनिक चालु र पुँजीगत सहित — २० करोड
ख. वडा कार्यालय तर्फ समग्र — रु. १४ करोड
ग. समपुरक अनुदान साझेदारी संघ र प्रदेश तथा अन्य दायित्व — रु. ४ करोड २८ लाख ५० हजार
घ. सामाजिक बिकास, सामी लगायत — रु. १ करोड ४० लाख
ङ. शिक्षा — रु. ३ करोड ६ लाख
च. खेलकुद रु. ७५ लाख
छ. न्यायिक समिती तथा उपप्रमुख सबल नेतृत्व — ६५ लाख

कृष्ण बहादुर राना मगर
नगर प्रमुख

गोरखा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
गोरखा
गण्डकी प्रदेश, नेपाल

प्रमुख प्रशासकीय अधिकृत

CamScanner

गोरखा नगरपालिका
नगर कार्यपालिकाको बैठक संख्या :
मिति: २०८३/०३/०२ गते

ज. बन, बाताबरण तथा विपद — रु. ६० लाख

झ. स्वास्थ्य तथा आयुर्वेद — रु. १ करोड ६७ लाख

ञ. सुशाशन — रु. ३५ लाख

ट. लागत साझेदारी तथा अन्य — रु. ४० लाख

ठ. नगरपालिका अन्य - रु. ८ करोड ४९ लाख

ड. कृषि तथा पशु — रु. १ करोड १९ लाख

ढ. क्रमागत योजना तथा भुक्तानी दायित्व — रु. ८५ लाख

ण. वडा तथा नगरपालिका मर्मत सम्भार - ४२ लाख ५० हजार

त. क्रमागत ठेक्का दायित्व — रु. २ करोड

**प्रस्ताव नं. ४ : क्रमागत योजना सम्बन्धमा ।**

**निर्णय नं ४ :** यस गोरखा नगरपालिकाभित्र यस आ.व. २०८२/८३ मा हाल सम्झौता भई कार्य संचालनमा रहेका योजनाहरुमात्रको हकमा कार्यसम्पादन सुरु भएको तर मुलुकको हालको मूल्य वृद्धि लगायत समस्याले संचालित त्यस्ता योजनाहरुको हकमा रु. ५ लाख भन्दा माथिको अत्यावश्यक पूर्वाधारको योजनाको मात्र दायित्व हस्तान्तरण गरी क्रमागतमा राखे र अन्य योजनाको हकमा कार्यसम्पादनको आधारमा मात्र भुक्तानी दिने तथा क्रमागत योजना भनी नराखे र आवश्यक योजना भएमा नयाँ योजना कायम गरिदिने निर्णय गरियो।

**प्रस्ताव नं. ५ : कार्यक्रमको मार्गदर्शन सम्बन्धमा ।**

**निर्णय नं ५ :** यस गोरखा नगरपालिकामा आ.व. २०८३/८४ को लागि स्रोत अनुमान तथा सिमा निर्धारण समितिले पारित गरी पठाएको मार्गदर्शन बमोजिम नै रु. २५ लाख सम्मको कृषि तथा पशु विकासको क्षेत्रमा र सम्भव भए सम्म दुग्धजन्य उत्पादनलाई बढावा दिने गरी कार्यक्रम पेश गर्ने तथा मार्गदर्शन बमोजिम कार्य गर्ने र सो लाई स्वीकृत गर्ने निर्णय गरियो ।

कृष्ण बहादुर राना मगर
नगर प्रमुख

गोरखा नगरपालिका नगर कार्यपालिकाको कार्यालय, गोरखा, गण्डकी प्रदेश, नेपाल

प्रमुख प्रशासकीय अधिकृत

गोरखा नगरपालिका
नगर कार्यपालिकाको बैठक संख्या
मिति २०८३/०३/[illegible] गते

**प्रस्ताव नं. ६ : तलब भत्ता बढाउने सम्बन्धमा ।**

**निर्णय नं ६ :** यस गोरखा नगरपालिकामा आ.व. २०८३/८४ को हकमा संघीय सरकारले कर्मचारीहरुको तलब वृद्धि १०% गरेकोले नगरपालिका अन्तर्गत सबै करार सेवाका कर्मचारीहरुको १०% तलब बढाउने र ECD शिक्षक, लेखा, कार्यालय सहयोगी, स्वास्थ्य तर्फ कार्यरत अहेव र अनमी कर्मचारीको हकमा समयानुकुल १० % बाहेक थप रकम अध्ययन गरी पछि तोकने निर्णय गरियो।

**प्रस्ताव नं. ७ : करको दर संशोधन सहितको आर्थिक ऐनको विधेयक २०८३ सम्बन्धमा ।**

**निर्णय नं ७ :** यस गोरखा नगरपालिकाको आ.व. २०८३/८४ मा कर संकलन र राजश्व उठाउने प्रयोजनको लागि राजश्व परामर्श समितिबाट सिफारिश भएको करको दरहरुलाई स्वीकृत गर्दै गोरखा नगरपालिकाको आर्थिक ऐन २०८३ को विधेयकको रुपमा नगरसभामा पेश गर्ने निर्णय गरियो । त्यसै गरी दहत्तर बहत्तर शुल्कको दर रेट गण्डकी प्रदेश सरकारले तोके बमोजिम हुने निर्णय गरियो । गोरखा नगरपालिकाभित्र उठाइने कर तथा शुल्क र बहाल भाडा दरहरु, एवं शुल्क र जरिवाना छुटका विषयमा राजश्व परामर्श समितिले सिफारिश गरे बमोजिम नै कायम गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं. ८ : नीति तथा कार्यक्रम पारित गर्ने सम्बन्धमा ।**

**निर्णय नं ८ :** यस गोरखा नगरपालिकाको आ.व २०८३/८४ को वार्षिक नीति तथा कार्यक्रम असार १० गते नगर सभामा पेश गर्नको लागि यस वर्ष कृषिमा दुग्धजन्य उत्पादनलाई बढावा दिने लक्ष सहित सर्वसम्मतिले स्वीकृत गरियो ।

**प्रस्ताव नं. ९ : रकमान्तर सम्बन्धमा ।**

**निर्णय नं ९ :** यस गोरखा नगरपालिकाको आ.व. २०८२/८३ मा निम्न शिर्षकहरुमा खर्च रकम अपुग भएकोले बचत भएको शिर्षकबाट निम्न खर्च शिर्षकमा स्वीकृत परिधिभित्र रही रकमान्तर गर्ने निर्णय गरियो।

कृष्ण बहादुर राना मगर
नगर प्रमुख

गोरखा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
गोरखा
गण्डकी प्रदेश, नेपाल

प्रमुख प्रशासकीय अधिकृत

गोरखा नगरपालिका

नगर कार्यपालिकाको कार्यालय, गोरखा

घटाउने

| क.सं. | बजेट उपशीर्षक | कार्यक्रम/आयोजना/क्रियाकलापको नाम | sub Line item | स्रोत समूह | बजेटको स्रोत/तह | प्राप्तिको श्रोत | भुक्तानी विधि | रकम | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | ८०४३६४०११२३ | Curriculum Dissimination Training | २२५२२ | राजस्व बाडफाड | राजस्व बाँडफाँड - प्रदेश सरकार | राजस्व बाँडफाँड | नगद | २,००,०००.०० | |
| २ | ८०४३६४०११२३ | बालविकास केन्द्रलाई खेल सामग्री कार्यक्रम | २२३१३ | संघीय सरकार | नेपाल सरकार | समानिकरण अनुदान | नगद अनुदान | ५,००,०००.०० | |
| ३ | ८०४३६४०११२३ | Book Free Friday | २२५२२ | राजस्व बाडफाड | राजस्व बाँडफाँड - प्रदेश सरकार | राजस्व बाँडफाँड | नगद | ५,००,०००.०० | |
| ४ | ८०४३६४०११२३ | १२० जना शिक्षकहरुलाई AI/ICT Training | २२५१२ | संघीय सरकार | नेपाल सरकार | समानिकरण अनुदान | नगद अनुदान | २,४०,०००.०० | |
| ५ | ८०४३६४०१११७ | जिससको समन्वयमा जिल्लाभर वातावरण परिवर्तन अनुकुलित विकास प्रारुप तयार पार्ने कार्य | २२४११ | राजस्व बाडफाड | राजस्व बाँडफाँड - संघीय सरकार | राजस्व बाँडफाँड | नगद | १,००,०००.०० | |
| ६ | ८०४३६४०१३०२ | औषधी खरिद कार्य | २२५२९ | संघीय सरकार | नेपाल सरकार | समानिकरण अनुदान | नगद अनुदान | ५,००,०००.०० | |
| ७ | ८०४३६४०१११७ | सार्वजनिक नाला तथा बाटो र संरचनाको आकस्मिक सुधार तथा व्यवस्थापन | ३११५१ | प्रदेश सरकार | गण्डकी प्रदेश | समानिकरण अनुदान | नगद अनुदान | ३,००,०००.०० | |
| ८ | ८०४३६४०११०१ | गो.न.पा. को मुख्य सडकहरुमा ग्राबेल बिच्छ्याउने कार्य | ३११५१ | संघीय सरकार | नेपाल सरकार | समानिकरण अनुदान | नगद अनुदान | ५०,००,०००.०० | |
| ९ | ८०४३६४०११२३ | आधारभूत तथा माध्यमिक तहको करार तथा राहत शिक्षक पदपूर्ति कार्यक्रम | २२५२२ | राजस्व बाडफाड | राजस्व बाँडफाँड - संघीय सरकार | राजस्व बाँडफाँड | नगद | ३,००,०००.०० | |
| १० | ८०४३६४०११२३ | सीप परीक्षण साझेदारी कार्यक्रम | २२५२२ | संघीय सरकार | नेपाल सरकार | समानिकरण अनुदान | नगद अनुदान | २,००,०००.०० | |
| ११ | ८०४३६४०१३०२ | तारानगर/वडा नं २ मा स्वास्थ्य चौकीमा चिकित्सकीय स्वास्थ्य सेवा प्रदान | २२५२२ | संघीय सरकार | नेपाल सरकार | समानिकरण अनुदान | नगद अनुदान | ५,००,०००.०० | |
| १२ | ८०४३६४०११२३ | अनौपचारिक शिक्षा कार्यक्रम | २२५२२ | राजस्व बाडफाड | राजस्व बाँडफाँड — स्थानीय | राजस्व बाँडफाँड | नगद | ३,००,०००.०० | |
| १३ | ८०४३६४०११०१ | नगरपालिकामा स्ट्रिट नम्बरिङ्ग तथा होर्डिंग बोर्ड थप तथा QR कोड मार्फत सूचना व्यवस्थापन | २२७११ | अन्तरिक श्रोत | आन्तरिक श्रोत | आन्तरिक श्रोत | नगद | २,००,०००.०० | |
| १४ | ८०४३६४०१११४ | प्लाष्टिक घर बनाउने कृषकलाई ५०% अनुदान (३०० वटा) | २२५२२ | प्रदेश सरकार | गण्डकी प्रदेश | समानिकरण अनुदान | नगद अनुदान | ८,००,०००.०० | |
| १५ | ८०४३६४०१११४ | प्लाष्टिक घर बनाउने कृषकलाई ५०% अनुदान (३०० वटा) | २२५२२ | अन्तरिक श्रोत | आन्तरिक श्रोत | आन्तरिक श्रोत | नगद | ६,५०,०००.०० | |
| १६ | ८०४३६४०११०१ | पुँजीगत समपुरक साझेदारी रकम (सडक बोर्ड, नगर विकास कोष लगायत अन्य) | ३११५९ | संघीय सरकार | नेपाल सरकार | समानिकरण अनुदान | नगद अनुदान | ३०,००,०००.०० | |
| १७ | ८०४३६४०११०१ | ४ पाङ्ग्रे सवारी साधन व्यवस्थापन (भन्सार मा रहेको ) | ३११२१ | अन्तरिक श्रोत | आन्तरिक श्रोत | आन्तरिक श्रोत | नगद | १५,००,०००.०० | |
| १८ | ८०४३६४०११०१ | सवारी साधन खरिद | ३११२१ | अन्तरिक श्रोत | आन्तरिक श्रोत | आन्तरिक श्रोत | नगद | १०,००,०००.०० | |
| १९ | ८०४३६४०११०१ | घर नक्सा पास अनुगमन खर्च / तालिम सहित | २२६११ | अन्तरिक श्रोत | आन्तरिक श्रोत | आन्तरिक श्रोत | नगद | ३,००,०००.०० | |
| २० | ८०४३६४०११२३ | दिवा खाजा | २२५२२ | संघीय सरकार | नेपाल सरकार | समानिकरण अनुदान | [illegible] | १५,००,०००.०० | |

कृष्ण बहादुर राना मगर
नगर प्रमुख

गोरखा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय, गोरखा

प्रमुख प्रशासकीय अधिकृत

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| २१ | ८०४३६४०११०१ | पारिश्रमिक कर्मचारी | २११११ | राजस्व बाडफाड | राजस्व बाँडफाँड - संघीय सरकार | राजस्व बाँडफाँड | नगद | २०,००,०००.०० | |
| | | | | | | | | १,९५,१०,०००.०० | |

बढाउने

| क.सं. | बजेट उपशीर्षक | कार्यक्रम/आयोजना/क्रियाकलापको नाम | sub Line item | स्रोत समूह | बजेटको स्रोत/तह | प्राप्तिको श्रोत | भुक्तानी विधि | रकम | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | ८०४३६४०११०१ | ११ किलो नवकालिका ज्यामिरे खानेपानी मर्मत | ३११५९ | संघीय सरकार | नेपाल सरकार | समानिकरण अनुदान | नगद अनुदान | २,००,०००.०० | |
| २ | ८०४३६४०११०१ | बहुउदेश्यीय भवनमा छाना मर्मत, वडा न. ६ र ७ | ३११५९ | प्रदेश सरकार | गण्डकी प्रदेश | समानिकरण अनुदान | नगद अनुदान | ५,००,०००.०० | |
| ३ | ८०४३६४०११०१ | बहुउदेश्यीय भवनमा छाना मर्मत, वडा न. ६ र ७ | ३११५९ | अन्तरिक श्रोत | आन्तरिक श्रोत | आन्तरिक श्रोत | नगद | ३,००,०००.०० | |
| ४ | ८०४३६४०१११४ | आकस्मिक बाली तथा रोग किरा नियन्त्रण थप | २२५२२ | संघीय सरकार | नेपाल सरकार | समानिकरण अनुदान | नगद अनुदान | १,५०,०००.०० | |
| ५ | ८०४३६४०११०१ | नारेछर स्कुल गेट ढलान, वडा नं. ३ | ३११५९ | संघीय सरकार | नेपाल सरकार | समानिकरण अनुदान | नगद अनुदान | ३,८०,०००.०० | |
| ६ | ८०४३६४०११०१ | बाटो ग्राबेल फोहोरमैला डम्पिङ साइट जाने बाटो | ३११५१ | संघीय सरकार | नेपाल सरकार | समानिकरण अनुदान | नगद अनुदान | १०,००,०००.०० | |
| ७ | ८०४३६४०११२३ | सुन्केरी सट्टा शिक्षक थप | २२५२२ | राजस्व बाडफाड | राजस्व बाँडफाँड - प्रदेश सरकार | राजस्व बाँडफाँड | नगद | १,१५,०००.०० | |
| ८ | ८०४३६४०११०१ | बाटो ढलान बाल मन्दिर नजिक | ३११५१ | संघीय सरकार | नेपाल सरकार | समानिकरण अनुदान | नगद अनुदान | ५,००,०००.०० | |
| ९ | ८०४३६४०१११७ | सडक तथा पार्क सौन्दर्य रंग रोगन लगायत खर्च | २२५२२ | संघीय सरकार | नेपाल सरकार | समानिकरण अनुदान | नगद अनुदान | ५०,०००.०० | |
| १० | ८०४३६४०१११४ | कर्मचारी तथा पदाधिकारी बैठक भत्ता (अनुगमन, बिषयगत समिति लगायत) | २११३४ | राजस्व बाडफाड | राजस्व बाँडफाँड - संघीय सरकार | राजस्व बाँडफाँड | नगद | २,००,०००.०० | |
| ११ | ८०४३६४०१११४ | कर्मचारी तथा पदाधिकारी बैठक भत्ता (अनुगमन, बिषयगत समिति लगायत) | २११३४ | अन्तरिक श्रोत | आन्तरिक श्रोत | आन्तरिक श्रोत | नगद | ३,२६,०००.०० | |
| १२ | ८०४३६४०११०१ | अनुदान रकम निकासा नभएको स्रोत अभाव भएको खर्च शिर्षकमा भुक्तानी गर्नेनिर्णयको आधारमा । | ३११५९ | अन्तरिक श्रोत | आन्तरिक श्रोत | आन्तरिक श्रोत | नगद | २२,००,०००.०० | |
| १३ | ८०४३६४०११०१ | योग हल निर्माण सम्पन्न र व्यवस्थापन बराह | ३११५९ | संघीय सरकार | नेपाल सरकार | समानिकरण अनुदान | नगद अनुदान | ३,००,०००.०० | |
| १४ | ८०४३६४०११०१ | नगरपालिका तथा वडामा मसलन्द तथा कार्यालय सामाग्री वितरण (थप) | २२३११ | राजस्व बाडफाड | राजस्व बाँडफाँड - संघीय सरकार | राजस्व बाँडफाँड | नगद | ८,००,०००.०० | |
| १५ | ८०४३६४०११०१ | नगरपालिकामा क्यान्टिन, ग्यारेज तथा पार्किङ व्यवस्थापन | ३११५९ | अन्तरिक श्रोत | आन्तरिक श्रोत | आन्तरिक श्रोत | नगद | १०,००,०००.०० | |
| १६ | ८०४३६४०११०१ | ग्राबेल बाटो वडा नं ३, बेनिखोला कुमालगाउँ | ३२१५१ | अन्तरिक श्रोत | आन्तरिक श्रोत | आन्तरिक श्रोत | नगद | ५,००,०००.०० | |
| १७ | ८०४३६४०११०१ | बिरेन्चोक होमस्टेमा शौचालय निर्माण | २२५११ | संघीय सरकार | नेपाल सरकार | समानिकरण अनुदान | नगद अनुदान | २,००,०००.०० | |
| १८ | ८०४३६४०१११४ | खेलकुद कार्यक्रम थप | २२५२२ | संघीय सरकार | नेपाल सरकार | समानिकरण अनुदान | नगद अनुदान | २,००,०००.०० | |
| १९ | ८०४३६४०११२३ | अध्ययन अनुसन्धान सहयोग | २२५२२ | राजस्व बाडफाड | राजस्व बाँडफाँड – स्थानीय | राजस्व बाँडफाँड | नगद | ९२,०००.०० | |
| २० | ८०४३६४०११०१ | आवश्यक सार्वजनिक निर्माण | ३११५९ | संघीय सरकार | नेपाल सरकार | समानिकरण अनुदान | नगद अनुदान | १३,००,०००.०० | |
| २१ | ८०४३६४०१११७ | फोहोरमैला विसर्जन स्थलमा खाल्डो खनी पर्ने कार्य | ३११५९ | प्रदेश सरकार | गण्डकी प्रदेश | समानिकरण अनुदान | नगद अनुदान | २,००,०००.०० | |

कृष्ण बहादुर राना मगर
नगर प्रमुख

गोरखा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
दुम्री डाँडा, गोरखा
गण्डकी प्रदेश, नेपाल

प्रमुख प्रशासकीय अधिकृत

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| २२ | ८०४३६४०१११४ | पाण्डे हिहि नाला व्यवस्थापन वडा नं.१२ | ३११५९ | संघीय सरकार | नेपाल सरकार | समानिकरण अनुदान | नगद अनुदान | १,००,०००.०० | |
| २३ | ८०४३६४०१३०२ | तारानगर स्वास्थ्य चौकीमा कुल्टर काउन्टर खरीद | २२५२२ | संघीय सरकार | नेपाल सरकार | समानिकरण अनुदान | नगद अनुदान | ५,००,०००.०० | |
| २४ | ८०४३६४०१११४ | कोसेलि घर संचालन वडा न. ६ | २२५२२ | प्रदेश सरकार | गण्डकी प्रदेश | समानिकरण अनुदान | नगद अनुदान | १,५०,०००.०० | |
| २५ | ८०४३६४०११२३ | NELTA तालिम | २२५२२ | राजस्व बाडफाड | राजस्व बाँडफाँड - प्रदेश सरकार | राजस्व बाँडफाँड | नगद | ६०,०००.०० | |
| २६ | ८०४३६४०११०१ | रोजगार कार्यक्रममा साझेदारी रकम | २२५२२ | अन्तरिक श्रोत | आन्तरिक श्रोत | आन्तरिक श्रोत | नगद | ५,२४,०००.०० | |
| २७ | ८०४३६४०१३०२ | नसर्ने रोगको स्कृनिङ्ग कार्यमा रकम थप | २२५२२ | संघीय सरकार | नेपाल सरकार | समानिकरण अनुदान | नगद अनुदान | ५,००,०००.०० | |
| २८ | ८०४३६४०११०१ | छेपेटार वाल कभर्ड हलमा भित्ता पट्टि वाल लगाउने कार्य | ३११५९ | संघीय सरकार | नेपाल सरकार | समानिकरण अनुदान | नगद अनुदान | ५,००,०००.०० | |
| २९ | ८०४३६४०११०१ | अनुदान रकम निकासा नभएको स्रोत अभाव भएको खर्च शिर्षकमा भुक्तानी गर्ने(निर्णयको आधारमा ) | २२७११ | अन्तरिक श्रोत | आन्तरिक श्रोत | आन्तरिक श्रोत | नगद | ३०,००,०००.०० | |
| ३० | ८०४३६४०१११७ | विश्व वातावरण दिवश कार्यक्रम | २२५२२ | संघीय सरकार | नेपाल सरकार | समानिकरण अनुदान | नगद अनुदान | ५०,०००.०० | |
| ३१ | ८०४३६४०१११७ | सडक बत्ति तथा रेलिग व्यवस्थापन वसपार्क सडक, वडा नं.६ | ३११५९ | प्रदेश सरकार | गण्डकी प्रदेश | समानिकरण अनुदान | नगद अनुदान | १,००,०००.०० | |
| ३२ | ८०४३६४०१११४ | अन्य कार्यालय संचालन खर्च नगर सभा तथा कार्यपालिकाको निर्णय बमोजिम | २२३१९ | संघीय सरकार | नेपाल सरकार | समानिकरण अनुदान | नगद अनुदान | १८,७०,०००.०० | |
| ३३ | ८०४३६४०१११४ | अन्य कार्यालय संचालन खर्च नगर सभा तथा कार्यपालिकाको निर्णय बमोजिम | २२३१९ | अन्तरिक श्रोत | आन्तरिक श्रोत | आन्तरिक श्रोत | नगद | ७,००,०००.०० | |
| ३४ | ८०४३६४०११२३ | १-३ थिमगत पुस्तिका निर्माण र तालिमा ( ४-५ को लागी थप) | २२५२२ | राजस्व बाडफाड | राजस्व बाँडफाँड - प्रदेश सरकार | राजस्व बाँडफाँड | नगद | २,५०,०००.०० | |
| ३५ | ८०४३६४०११०१ | टक्सारमा फुटपाथ निर्माण | ३११५१ | संघीय सरकार | नेपाल सरकार | समानिकरण अनुदान | नगद अनुदान | ५,००,०००.०० | |
| ३६ | ८०४३६४०११०१ | विस्मुरे पुछार नर्सल गौंडा सिंचाई कुलो निर्माण, वडा नं. १३ | ३११५९ | प्रदेश सरकार | गण्डकी प्रदेश | समानिकरण अनुदान | नगद अनुदान | १,५०,०००.०० | |
| ३७ | ८०४३६४०११२३ | शिक्षक सिकाइ अनुदान तलब थप | २११११ | राजस्व बाडफाड | राजस्व बाँडफाँड — स्थानीय | राजस्व बाँडफाँड | नगद | २,०८,०००.०० | |
| ३८ | ८०४३६४०११२३ | शिक्षक सिकाइ अनुदान तलब थप | २११११ | संघीय सरकार | नेपाल सरकार | समानिकरण अनुदान | नगद अनुदान | ९,४०,०००.०० | |
| ३९ | ८०४३६४०११२३ | शिक्षक सिकाइ अनुदान तलब थप | २११११ | राजस्व बाडफाड | राजस्व बाँडफाँड - संघीय सरकार | राजस्व बाँडफाँड | नगद | २,००,०००.०० | |
| ४० | ८०४३६४०११२३ | शिक्षक सिकाइ अनुदान तलब थप | २११११ | राजस्व बाडफाड | राजस्व बाँडफाँड - प्रदेश सरकार | राजस्व बाँडफाँड | नगद | २,७५,०००.०० | |
| ४१ | ८०४३६४०११०२ | नगरपालिकाको विद्यालयमा कल्स ओभररिजेजसँग साझेदारीमा स्कुल बस व्यवस्थापन | २७२१९ | संघीय सरकार | नेपाल सरकार | समानिकरण अनुदान | नगद अनुदान | ७,००,०००.०० | |
| ४२ | ८०४३६४०११०१ | घर नक्सा स्ट्रक्चरल अनालाइसिस र नक्सा निर्माण परामर्श र प्राविधिक सेवा | ३११३५ | अन्तरिक श्रोत | आन्तरिक श्रोत | आन्तरिक श्रोत | नगद | ३,००,०००.०० | |
| ४३ | ८०४३६४०१३०२ | लायन्स आँखा उपचार केन्द्रमा नगरवासीका लागी मोती विन्दुको अप्रेशन | २२५२९ | राजस्व बाडफाड | राजस्व बाँडफाँड - संघीय सरकार | राजस्व बाँडफाँड | नगद | १,५०,०००.०० | |
| ४४ | ८०४३६४०१११५ | पत्रकारहरुको क्षमता विकास कार्यक्रम | २२५२२ | राजस्व बाडफाड | राजस्व बाँडफाँड - संघीय सरकार | राजस्व बाँडफाँड | नगद | १,५०,०००.०० | |

बहादुर राना मगर

प्रशासकीय

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| ४५ | ८०४३६४०११०१ | सेवा र परामर्श खर्च चालु | २२४११ | राजस्व बाडफाड | राजस्व बाँडफाँड - संघीय सरकार | राजस्व बाँडफाँड | नगद | ३,००,०००.०० | |
| ४६ | ८०४३६४०१११५ | सामुदायिक तथा निजी रेडियोहरुलाई विद्युत महसुल अनुदान ७५ प्रतिशत | २२१११ | राजस्व बाडफाड | राजस्व बाँडफाँड - संघीय सरकार | राजस्व बाँडफाँड | नगद | १,००,०००.०० | |
| ४७ | ८०४३६४०११२५ | उपप्रमुख सबल नेतृत्व विकास तर्फ समयानुकुल प्रविधी हस्तान्तरण | २२५२२ | राजस्व बाडफाड | राजस्व बाँडफाँड - संघीय सरकार | राजस्व बाँडफाँड | नगद | ५,००,०००.०० | |
| ४८ | ८०४३६४०१११४ | अन्य कार्यालय संचालन खर्च नगर सभा तथा कार्यपालिकाको निर्णय बमोजिम | २२३१९ | संघीय सरकार | नेपाल सरकार | समानिकरण अनुदान | नगद अनुदान | १५,००,०००.०० | |
| | | | | | | | | २,४७,९०,०००.०० | |

अक्षरेपी : रुपैयाँ दुइ करोड सत्चालिस लाख नब्बे हजार मात्र ।

कृष्ण बहादुर राना मगर
नगर प्रमुख

गोरखा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
डुम्री डाँडा, गोरखा
गण्डकी प्रदेश, नेपाल

प्रमुख प्रशासकीय अधिकृत

गोरखा नगरपालिका
नगर कार्यपालिकाको बैठक संख्या :
मिति: २०८३/०३/०६ गते

**प्रस्ताव नं. १० : बिबिध ।**

**निर्णय नं १० : बिबिध ।**

क. **पोषणमैत्री कार्यक्रम अन्तर्गत सहकारी मार्फत पोषण कार्य गर्ने सम्बन्धमा :** यस गोरखा नगरपालिकामा आ.व. २०८२/८३ मा संघीय विशेष अनुदान अन्तर्गत पोषणमैत्री नगरपालिका घोषणा कार्यक्रम अन्तर्गत रु. ६ लाख २५ हजार सुनौलो हजार दिनका बिपन्न महिलाको पोषण सुधारको लागि आय आर्जन अनुदान वितरण कार्यमा विनियोजित भएको र यो बहुक्षेत्रीय पोषण कार्यक्रम कार्यान्वयन निर्देशिका २०८२ को परिच्छेद २ को ७ (६) अनुसार कार्यान्वयनको लागि यस बर्ष गोरखा नगरपालिका वडा नं. ९,१० र ११ लाई समेट्ने गरी गण्डकी बचत तथा ऋण सहकारी संस्था लिमिटेड मार्फत सुनौलो हजार दिनको विपन्न महिलाहरु छनौट गरी आय आर्जन सम्बन्धी कार्य गर्न लगाउने निर्णय गरियो ।

ख. **खेलाडी सम्मान कार्यक्रमको खर्च तथा जेसिस फुटबल कार्यक्रम सहयोग सम्बन्धमा:** यस गोरखा नगरपालिका अन्तर्गत नेपाल कराते महासंघ जिल्ला कार्य समिति मार्फत यसै वर्ष गण्डकी प्रदेश स्तरीय राष्ट्रपति रनिंग शिल्ड खेलकुद कार्यक्रम अन्तर्गत गोरखा जिल्लालाई सहभागी गराई प्रदेशस्तरमा टिम च्याम्पियन हुन् सफल भएकोले खेलाडीको सम्मान र हौसला स्वरूप सो महासंघलाई खेलकुद कार्यक्रममार्फत रु. ५० हजार सहयोग गरिदिने निर्णय गरियो ।त्यसै गरी गोरखा जेसिसले आयोजना गरेको फुटबल प्रतियोगितालाई खेलकुद तथा मिल्ने शिर्षकबाट रु. ६० हजार कार्यक्रम खर्च सहयोग गर्ने निर्णय गरियो ।

ग. **ठेक्का अन्त्य गर्ने र दायित्व लिने सम्बन्धमा :** यस गोरखा नगरपालिकाबाट आ.व. २०८२/०८३ मा कार्यन्वयन लागि संघीय सरकारबाट हस्तान्तरित कार्यक्रमहरु (शसर्त अनुदान-पूजीगत) मध्ये पूर्वाधार तर्फका योजनाको मिति २०८२/०७/२८ गतेको कार्यपालिका बैठकको सशर्त अनुदानको योजनाहरुको कार्यन्वयन सम्बन्धी भएको निर्णयानुसार मिति २०८२/०९/२० गतेको E-Bidding मार्फत बोलपत्र आव्हान गरी नियमानुसार ठेक्का सम्झौता भइ हाल निर्माण कार्य भैरहेका ठेक्का आयोजनाहरुको विषयमा तपशिल बमोजिमको निर्णय गरियो ।

निम्न योजनाहरुको विभिन्न मितिमा भए गरेका निर्माण कार्यको स्थलगत निरीक्षण गर्दा निर्माण कार्यको सम्झौता बमोजिमको लक्ष्य अनुसार प्रगति हासिल हुन नसकिने देखिएकोले निम्न योजनाहरुको दायित्व बहन गर्दा नगरपालिकालाई थप व्ययभार पर्ने र स्रोत अभावले गर्दा व्ययभार बहन गर्ने अवस्था नरहेकोले र उक्त योजनाहरुको हालको कार्यान्वयन अवस्था हेर्दा

कृष्ण बहादुर राना मगर
नगर प्रमुख

गोरखा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
पुर्मी डाँडा, गोरखा
गण्डकी प्रदेश, नेपाल

प्रमुख प्रशासकीय अधिकृत

सारभूत रुपमा प्रयोगमा आउने देखिएको तथा भएगरेको निर्माण कार्य निर्वाध रुपमा सार्वजनिक प्रयोजनमा ल्याउन मिल्ने देखिएकोले आ.व. २०८२/८३ मा सम्पादित कार्य सम्पादन स्वीकार गरी यस ठेक्काको थप दायित्व नव्यहोरिने निर्णय गरियो।

**तपशिल**

| सि.नं. | विवरण | वडा नं | कैफियत |
|---|---|---|---|
| १ | सिद्धाश्रम शक्ति केन्द्रमा पूर्वाधार निर्माण | ५ | |
| २ | नेपाल टेलिकमको कार्यालय देखि पृथ्वीनारायण साना शहरी खानेपानी तथा सरसफाई उपभोक्ता संस्थाको कार्यालय सम्म सडक स्तरोन्नति कार्य | ६ | |
| ३ | बतासे कारागार महादेव बारी हुदै गोरखा नगरपालिका सम्मको सडक स्तरोन्नति कार्य | ६ | |
| ४ | दक्षिणकाली मन्दिरमा पूर्वाधार निर्माण | ७ | |
| ५ | थर्पु कालिमाटी केरौजा बस्ति हुदै सिमलगैरी सडक स्तरोन्नति कार्य | ७ | |
| ६ | खत्रीगाउँ प्राविधिक शिक्षालय सडक स्तरोन्नति कार्य | ७ | |
| ७ | अकला मन्दिर पूर्वाधार निर्माण | १४ | |

निम्न योजनाहरुको हकमा नगरपालिकाको लक्ष्य अनुसार निर्माण कार्यको प्रगति हासिल प्राप्त नभएता पनि उल्लेखित कार्य नगरपालिकाले नै दायित्व बहन गरी निर्माण कार्य सम्पन्न गर्नुपर्ने देखिएको र हालसम्म भएका निर्माण कार्यले सारभूत रुपमा सार्वजनिक प्रयोजनको लागि प्रयोगमा नआउने देखिएको र अधिकतम प्रयोगको ल्याउने गरी निर्माण कार्य अझै गर्नुपर्ने देखिएकोले उल्लेखित निर्माण कार्यको समयावधि थप गरी सम्झौता वमोजिमका निर्माण कार्य अगाडी बढाउने निर्णय गरियो ।

**तपशिल**

| सि.नं. | विवरण | वडा नं | कैफियत |
|---|---|---|---|
| १ | नयाँ बस्ति देखि राजमार्ग सम्म सडक स्तरोन्नति कार्य | ८ | |
| २ | कन्यादेवि प्रा.वि देखि गोप्लीग हुदै अकला मन्दिर सडक स्तरोन्नति कार्य | १४ | |

कृष्ण बहादुर राना मगर
नगर प्रमुख

गोरखा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
गोरखा
गण्डकी प्रदेश, नेपाल

प्रमुख प्रशासकीय अधिकृत

गोरखा नगरपालिका
नगर कार्यपालिकाको बैठक संख्या :
मिति: २०८३/०३/०[illegible] गते

**घ. ठेक्काको म्याद थप सम्बन्धमा :** यस गोरखा नगरपालिकामा विगत आ.व. २०८१/८२, आ.व. २०८२/८३ मा लगाइएका निम्न ठेक्काहरुको नियमानुसार निम्न बमोजिमको म्याद थप गर्ने निर्णय गरियो ।

| सि.नं. | विवरण | वडा नं | कैफियत |
|---|---|---|---|
| १ | वडा कार्यालय भवन निर्माण वडा नं. ८, सचेत कन्स्ट्रक्सन प्रा.लि., गोरखा, ठेक्का नं. GM/WORKS/NCB/2081/82-6 | ८ | २०८३ असोज मसान्त |
| २ | छेवेटार कभर्ड हल निर्माण, वडा नं १०, Shrayash Construction Company Pvt Ltd, ठेक्का नं. GM/WORKS/NCB/2081/82-7 | १० | २०८३ असोज मसान्त |
| ३ | नयाँ वस्ति देखि राजमार्ग सम्म सडक स्तरोन्नति कार्य, Wonta Construction, Gorkha, ठेक्का नं. GM /NCB/WORKS/2082/83-13 | ८ | २०८३ पौष मसान्त |
| ४ | कन्यादेवि प्रा.वि देखि गोप्लीग हुदै अकला मन्दिर सडक स्तरोन्नति कार्य, Aashna Construction Pvt Ltd, Tanahu, ठेक्का नं. GM/NCB/WORKS/2082/83-14 | १४ | २०८३ असोज मसान्त |

कृष्ण बहादुर राना मगर
नगर प्रमुख

प्रमुख प्रशासकीय अधिकृत